# गुल्मीदरबार गाउँपालिका
Gulmidarbar Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
गैंडाकोट, गुल्मी / Gaundakot, Gulmi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal


च.नं./Ref. No.:
प.सं./Let. No.:

मितिः २०८१/०२/३१

## मेलमिलापकर्ताको रुपमा सूचीकृत हुनको लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रस्तुत विषयमा यस गुल्मीदरबार गाउँपालिकामा आ.व.०८१/०८२ को लागि मेलमिलापकर्ताको सूची तयार गर्ने कार्यक्रम रहेको हुँदा कुनै राजनीतिक दल प्रति आस्था राखी राजनीतिमा सक्रिय नरहेको, स्थानीय रुपमा समाजसेवीको रुपमा पहिचान बनाएको र २५ वर्ष उमेर पुरा भएको गुल्मीदरबार गाउँपालिका भित्रका मेलमिलापकर्ताको रुपमा सूचीकृत हुन इच्छुक नागरिकले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र निम्न कागजात संलग्न राखी यस कार्यालयमा निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।साथै यस अघि मेलमिलापकर्ताको रुपमा सूचिकृत भई सकेका मेलमिलापकर्ताहरुले आ.व.०८१/०८२ को लागि मेलमिलापकर्ताको सूचीमा सूचिकृत हुन इच्छुक भएमा नविकरणको लागि उक्त अवधी भित्र निवेदन पेश गर्नु हुन समेत अनुरोध छ ।

<u>निवेदनका साथ पेश गर्नु पर्ने कागजातहरु:-</u>

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
२. शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी।
३. मेलमिलाप सम्बन्धी आठ दिवसीय (४८ घण्टा ) आधारभूत तालिम लिएको प्रमाण पत्रको प्रतिलिपी ।
४. पासपोर्ट साइजको २ (दुई) प्रति फोटो ।
५.मेलमिलाप सम्बन्धी अनुभव
६.व्यक्तिगत विवरण

राजीव पन्थी
प्रमुख प्रशासकीय अधिकृत

पुनश्चः थप जानकारीका लागि गुल्मीदरबार गाउँपालिका न्यायिक समितिको सचिवालयमा सम्पर्क राख्नु होला । सम्पर्क नं. ९८५७०७४४११/९८५७०६७९१२/९८५७०८५२०९

श्रीमान् संयोजक ज्यू
मिति: २०८१/ /

गुल्मीदरबार गाउँपालिका, न्यायिक समिति

गौडाकोट, गुल्मी

**विषय : मेलमिलापकर्ताको रुपमा सूचीकृत हुन पाउँ।**

महोदय,

उपरोक्त सम्वन्धमा तहाँ कार्यालयको मिति २०८१/०२/३१ गतेका दिन प्रकाशित सूचना अनुसार म गुल्मीदरबार गाउँपालिकामा आ.व.०८१/०८२ को लागि मेलमिलापकर्ताको रुपमा सुचिकृत हुन इच्छुक भएको हुँदा तपसिल बमोजिमका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु ।मेलमिलापकर्ताको रुपमा सुचिकृत भई मेलमिलाप गराउन अनुमती पाउँ।

तपसिल

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
२. शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी।
३. मेलमिलाप सम्बन्धी आठ दिवसीय (४८ घण्टा ) आधारभूत तालिम लिएको प्रमाण पत्रको प्रतिलिपी ।
४. पासपोर्ट साइजको ३ (तीन) प्रति फोटो ।
५.मेलमिलाप सम्बन्धी अनुभव
६.व्यक्तिगत विवरण

निवेदक

नाम थर:..........................................

ठेगाना: गुल्मीदरबार गाउँपालिका वडा नं.........गुल्मी

सम्पर्क नं.............................